# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या ८, मिति: २०८०।०६।०८

## भाग–२

# नगर प्रहरी सेवा संचालन कार्यबिधि २०८०

## भरतपुर महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती, नेपाल

# भरतपुर महानगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावना**

नेपालको संविधानले स्थानीय तहलाई दिएको अधिकार कार्यान्वयनको लागि एकल अधिकार सूचीमा रहेको नगर प्रहरी सम्बन्धी विषयलाई व्यवस्थित रुपले सञ्चालन गर्न, भरतपुर महानगरपालिकाले तर्जुमा गरी लागू गरेका नीति, कानून, मापदण्ड र निर्णयहरुको कार्यान्वयनमा सहयोग गर्न, समृद्ध र सुसंस्कृत भरतपुर महानगरको लक्ष्य हासिल गर्न नगर प्रहरीको कर्तव्य, अधिकार, जिम्मेवारी र भूमिकामा स्पष्टता ल्याई उच्च मनोबलसाथ कार्य गर्ने वातावरण तयार गर्न नेपालको संविधान, २०७२ को धारा २२६ अनुसुची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को देहाय (क) को अधिकार प्रयोग गरी प्रतिस्पर्धाको आधारमा सेवा करारमा नगर प्रहरीको व्यवस्थापन र सञ्चालन गर्न भरतपुर महानगरपालिकाले नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८० बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम “भरतपुर महानगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८०” रहेको छ।

ख. यो कार्यविधि महानगरपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. “प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

ख. “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्छ ।

ग. “महानगरपालिका” भन्नाले भरतपुर महानगरपालिकालाई सम्झनु पर्छ।

घ. “नगर सभा” भन्नाले भरतपुर महानगरपालिकाको सभा सम्झनु पर्दछ ।

ङ. “कार्यविधि" भन्नाले भरतपुर महानगरपालिकाको नगर सेवा प्रहरी सेवा सञ्चालन कार्यविधि सम्झनु पर्दछ ।

च. “कार्यालय" भन्नाले भरतपुर महानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

छ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाइएको अधिकृतलाई सम्झनुपर्छ ।

ज. “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनुपर्छ ।

झ. "समिति" भन्नाले पदपूर्ति समितिलाई सम्झनुपर्दछ ।

ञ. “नगर प्रहरी” भन्नाले भरतपुर महानगरपालिकाबाट नियुक्त भई कामकाज गर्न खटाइएका नगर प्रहरी नायव उपरीक्षक, नगर प्रहरी निरीक्षक, नगर प्रहरी नायव निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान समेतलाई सम्झनुपर्छ ।

ट. “अख्तियारवाला” भन्नाले दफा १३ र दफा ३६ बमोजिम क्रमशः सेवा करार र सजाय गर्ने अधिकारी सम्झनुपर्दछ ।

ठ. “तोकिएको” वा “तोकिए वमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

**३. कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेः**

क. यस कार्यविधि कार्यान्वयनका सम्बन्धमा नगर कार्यपालिकाले गर्ने व्याख्या आधिकारिक र अन्तिम हुनेछ ।

ख. यस कार्यविधिको प्रयोग गर्दा नगर प्रहरीलाई मर्का परेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ । यसरी परेको निवेदन उपर सात दिनभित्र कारवाही किनारा गर्नुपर्नेछ ।

## परिच्छेद २
## नगर प्रहरी सेवा सञ्चालन, रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाः**

क. महानगरपालिकामा नगर प्रहरी सेवा रहनेछ । हाल कार्यरत स्थायी नगर प्रहरी कर्मचारीको सेवा सुविधा प्रचलित कानुनबमोजिम हुने र स्थायी नगर प्रहरी कर्मचारी अवकाश भएमा उक्त पद सेवा करारबाट पूर्ति गरिनेछ । महानगरपालिकामा रहने नगर प्रहरी कर्मचारीको सङ्ख्या नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

ख. सेवा करारबाट पदपूर्ति गरिएका बहालवाला नगर प्रहरीहरू यस कार्यविधि अन्तर्गत स्वतः नियुक्त भएको मानिनेछ ।

ग. सेवा करार भएका नगर प्रहरी कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा प्रत्येक ६/६ महिनामा म्याद थप गरी करार सम्झौता नवीकरण गरिनेछ ।

**५. महानगरपालिकामा रहने नगर प्रहरीको पद, तह र दर्ज्यानी चिन्हः**

क. महानगरपालिकामा नगर प्रहरीको पद, तह र दर्ज्यानी चिन्ह अनुसूची १ बमोजिम रहनेछन् ।

ख. महानगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्ता कार्य विवरणमा सम्बन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

ग. नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचरारीको काम, कर्तव्य र अधिकार यसै कार्यविधि र कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**६. नगर प्रहरीको योग्यताः**

**१. नगर प्रहरी नायव उपरिक्षकका लागिः**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ग. उमेर ४० बर्ष पुरा भई ५० बर्ष ननाघेको ।

घ. नेपाल प्रहरीको प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, नेपाली सेनाको सेनानी वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको वा नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा १० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको ।

ङ. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

च. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

छ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।

ज. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

**२. नगर प्रहरी निरीक्षक पदका लागिः**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

ग. उमेर ३५ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

घ. नेपाल प्रहरीको प्रहरी निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको उपसेनानी वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको ।

ङ. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

च. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

छ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

ज. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

**३. नगर प्रहरी नायब निरीक्षकका लागिः**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

ग. उमेर ३० वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।

घ. नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको सुवेदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त

ङ. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

च. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

छ. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

ज. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

**४. नगर प्रहरी सहायक निरीक्षकका लागिः**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ग. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी सहायक निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको जमदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

घ. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

ङ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

च. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

छ. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

**५. नगर प्रहरी हवल्दारको लागि**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE तह वा सो सरह उत्तीर्ण गरेको।

ग. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी

हवल्दार/जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको हवल्दार/जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको।

घ. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

ङ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

च. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

छ. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

**६. नगर प्रहरी जवानको लागि**

क. नेपाली नागरिक ।

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उत्तीर्ण गरेको।

ग. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

घ. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

ङ. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

च. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

छ. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

७. नगर प्रहरी सेवाको पदमा पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको र तोकिएको शैक्षिक योग्यता भएको नगर प्रहरी कर्मचारी एक तह माथिको पदमा उम्मेदवार हुन पाउनेछ ।

## परिच्छेद ३
## पदपूर्ति

**७. नगर प्रहरीको पदपूर्ति सम्वन्धी व्यवस्था :-**

१. महानगरपालिकालाई आवश्यक पर्ने नगर प्रहरीको पदपूर्तिका लागि देहायका सदस्यहरू रहेको पदपूर्ति समिति रहनेछ।

क. प्रमुख प्रशासकीय अधिकृत, भरतपुर महानगरपालिका संयोजक

ख. सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, चितवन सदस्य

ग. प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, चितवन सदस्य

घ. नगर प्रमुखले तोकेको सम्बन्धित विषय विज्ञ २ जना सदस्य

ङ. सामान्य प्रशासन महाशाखा प्रमुख, भरतपुर महानगरपालिका सदस्य- सचिव

२. नगर प्रहरीको करार सेवाको पदपूर्ति शतप्रतिशत खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गरिनेछ ।

३. खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायबमोजिमका उम्मेदरवारका बीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(क) महिलाः ३३ प्रतिशत

(ख) दलितः २० प्रतिशत

(ग) आदिवासी/जनजातिः २७ प्रतिशत

(घ) थारुः १५ प्रतिशत

(ङ) मधेसीः ५ प्रतिशत

स्पष्टीकरणः यस कार्यविधिको प्रयोजनको लागि महिला, दलित, आदिवासी/ जनजाति, थारु र मधेसी भन्नाले आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, दलित, आदिवासी/जनजाति, थारु र मधेसी समुदायलाई सम्झनुपर्दछ। समावेशीताको लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, दलित, आदिवासी/जनजाति र मधेसी समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ। तर त्यसरी नतोकेसम्मका लागि जुनसुकै महिला, दलित, आदिवासी/जनजाति, थारु र मधेसी समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ ।

८. समावेशिताका लागि छुट्याइएका पदको दरखास्त पेस गर्दा देहायबमोजिम प्रमाण संलग्न हुनुपर्नेछ ।

(१) दलितका लागि राष्ट्रिय दलित आयोग वा जिल्ला/इलाका प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित भएको।

(२) आदिवासी जनजातिको लागि आदिवासी/जनजाति आयोग वा जिल्ला/ इलाका प्रशासन कार्यालयबाट आदिवासी जनजाति भनी प्रमाणित भएको।

(३) थारुका लागि थारु आयोग वा जिल्ला/इलाका प्रशासन कार्यालयबाट थारु भनी प्रमाणित भएको।

(४) मधेसीका लागि मधेसी आयोग वा जिल्ला/ इलाका प्रशासन कार्यालयबाट मधेशी भनी प्रमाणित भएको।

९. समावेशिताका लागि प्रतिशत निर्धारण गर्दा एक प्रतिशतभन्दा कम घताङ्क आएमा त्यस्तो घताङ्क जुन समुदायको हकमा आएको हो सोभन्दा लगत्तै पछिको समुदायमा सर्दै जानेछ।

१०. समावेशिताका लागि छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसके त्यसरी भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागी भई उत्तीर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ ।

**११. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :-**

**१. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) कार्यविधिको दफा ७ वमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।

(ख) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको समान पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार लिई आवश्यक्तानुसार पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गरी निर्धारण गर्न सक्ने।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) पदपूर्तिका लागि सूचना प्रकाशन गर्ने ।

(ङ) शारीरिक तथा स्वास्थ्य परीक्षण र अन्तरवार्ता गरी नतिजा प्रकाशन गर्ने ।

(च) सेवा करारको लागि सिफारिस गर्ने ।

२. पदपूर्ति समितिले नगर प्रहरी सेवाको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

३. खुल्ला प्रतियोगिताद्वारा पदपूर्तिका लागि सूचना गर्दा दरखास्त पेस गर्ने म्याद पन्ध्र दिन राखी स्थानीय स्तरको राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

४. योग्यताक्रम सूची तयार गर्नेः.

(क) उम्मेदवारहरुले दफा १२ बमोजिम प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी सेवा करारको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ । कुल रिक्त पदको बढीमा २०(बीस) प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

५. जेष्ठता कायम गर्नेः

(क) नगर प्रहरी कर्मचारीको जेष्ठताक्रम कायम गर्दा निजहरुले दफा १२ बमोजिम प्राप्त गरेको अंक र आधारभूत तालिममा प्राप्त गरेको एकमुस्ट अंकको आधारमा कायम गरिनेछ ।

(ख) वैकल्पिक उम्मेदवारहरुले एक वर्षसम्म पनि सेवा करार सम्झौता गर्न नसकेमा उक्त सूची स्वतः अमान्य हुनेछ ।

१२. **छनौट सम्बन्धी व्यवस्थाः** नगर प्रहरी कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) नगर प्रहरी कर्मचारीको तोकिएको कार्य विवरणबमोजिम पद, योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची- ३ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) दरखास्त फारामको नमूना अनुसूची-४ बमोजिम हुनेछ । आवेदन दस्तुर महानगरपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) नगर प्रहरी कर्मचारीका लागि आवेदन दिने उम्मेदवारहरुको शारीरिक तथा स्वास्थ्य परीक्षण नेपाल प्रहरीको प्रचलित मापदण्ड अनुसार हुनेछ ।

(४) उपदफा (३) बमोजिमको परीक्षामा उत्तीर्ण उम्मेदवारहरुलाई देहायको आधारमा पदपूर्ति समितिले मूल्याङ्कन गर्नुपर्नेछ :

क. शैक्षिक योग्यता बापत - ६० (साठी) अंक, (न्यूनतम शैक्षिक

योग्यता बापत ५० र माथिल्लो शैक्षिक योग्यता बापत थप १० अंक)।

ख. कार्य अनुभव बापत - १० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालमा सेवा गरेको प्रमाणित पत्र संलग्न भएको हुनुपर्ने)।

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक

१. भरतपुर महानगरपालिकाको बासिन्दा भएमा – १० (दश) अंक

२. चितवन जिल्लाको बासिन्दा भएमा - ५ (पाँच) अंक

घ. अन्तवार्तामा अधिकतम २० (बीस) अंक। यस अनुसार अकं प्रदान गर्दा न्यूनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ।

**१३. सेवा करारः**

नगर प्रहरी कर्मचारीलाई पदपूर्ति समितिको सिफारिसमा देहाय बमोजिम अख्तियारवालाले सेवा करार गर्नेछ।

क. नगर प्रहरी नायब उपरीक्षक र नगर प्रहरी निरीक्षकलाई कार्यपालिकाले,

ख. नगर प्रहरी नायब निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानलाई प्रमुख प्रशासकीय अधिकृतले।

**१४. उमेरको हदः** नगर प्रहरी कर्मचारीको सेवामा उमेरको हद ६० (साठी) वर्षसम्मको हुनेछ।

## परिच्छेद ४
## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**१५. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः**

क. सार्वजनिक बाटो आसपासका अवरोध हटाउन लगाउने, नमानेमा आफैं हटाई लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेस गर्ने।

ख. फोहोरमैला व्यवस्थापनको क्रममा निर्धारित स्थानमा बाहेक अन्य स्थानमा फालेको पाइएमा सचेत गराउने, आर्थिक ऐन बमोजिम जरिवाना गर्ने र थप कारवाहीको लागि महानगरपालिकाको प्रमुख प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने ।

ग. सार्वजनिक जग्गा, सांस्कृतिक सम्पदा लगायत सार्वजनिक सम्पत्तिको अतिक्रमण भए/नभएको नियमित गस्ती तथा निगरानी गर्ने र प्रचलित कानून विपरित अतिक्रमण हटाउन सम्बन्धित वडा कार्यालय/शाखाहरुमार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन गर्ने । नगर प्रमुखको आदेशबमोजिम बमोजिम भत्काउन लगाउने, भत्काउन अटेर गरेमा आफैंले भत्काउन लगाई खर्च असुल उपर गर्ने ।

घ. नगरक्षेत्रमा अनियमित निर्माण कार्य गरेको, नक्सा पास नभई निर्माण कार्य गरेको, मापदण्ड विपरित निर्माण कार्य गरेको सम्बन्धमा नियमित गस्ती, निगरानी गर्दा वा आमजनताहरुबाट गुनासो गरेको पाइएमा प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेस गर्ने, यस्ता नियम विपरितका संरचना हटाउनको लागि महानगरपालिकालाई आवश्यक सहयोग गर्ने ।

ङ. सार्वजनिक स्थलमा छोडिएका चौपाया नियन्त्रणमा लिई व्यवस्थापन गर्ने, गराउने । छाडा छाडिएका पशुधनीको पहिचान भएमा नियमानुसार जरिवाना गरी पशुधनीलाई बुझाउने, पटके रुपमा पशु चौपाया छाड्ने पशुधनीलाई दोब्बर जरिवाना गर्ने ।

च. न्यायिक समितिबाट सम्पादन हुने कार्यमा आवश्यकतानुसार सहयोग गर्ने ।

छ. स्वास्थ्यका लागि हानिकारक भईसकेका तथा सडेगलेका खाद्य पदार्थ बिक्री वितरणमा रोक लगाउने ।सडेगलेका हानिकारक चीज वस्तु बिक्री गरेको पाईएमा तत्काल रोक लगाउने, महानगर सामान्य प्रशासन महाशाखामा प्रतिवेदन पेस गर्ने । नियमानुसार प्रक्रिया पुर्याई सामान जफत गरी गाड्न लगाउने र आर्थिक ऐन बमोजिम जरिवाना गर्ने ।

ज. रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी, जीवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा पसल सिलबन्दी गरी सञ्चालक वा व्यवस्थापक सहित सामान्य प्रशासन महाशाखामा पेश गर्ने वा जफत गरी नष्ट गर्ने । महाशाखाबाट प्रक्रिया अघि बढाई आर्थिक ऐन बमोजिम जरिवाना समेत गर्ने र कानून

बमोजिम कारबाहीका लागि अन्यत्र पठाउने प्रकृतिको कार्य भएको भए प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गरी निर्णय भए बमोजिम गर्ने ।

झ. छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने । सार्वजनिक क्षेत्रमा कुकुरलाई दिसा पिसाब गराउन निषेध गर्ने, अटेर गर्नेलाई आर्थिक ऐन बमोजिम जरिवाना गर्ने । पटके भए पटकै पिच्छे दोब्बर जरिवाना गर्ने । छाडा कुकुरको कारण दुर्घटना बढ्नुका साथै रेविज जस्ता घातक रोग समेत फैलने भएकाले समुदायको सहयोगमा व्यवस्थापन गर्न पशु सेवा शाखाको समन्वयमा कारवाही गर्ने ।

ञ. खतरा उत्पन्न हुने रुख काट्न लगाउने। जोखिमपूर्ण घर, पर्खाल भए सोको लिखित प्रतिवेदन पेस गर्ने र नगर प्रमुखबाट भत्काउन आदेश प्राप्त भए पश्चात् महानगर प्रशासनबाट निर्देशन भए बमोजिम भत्काउन लगाउने वा भत्काउने । भत्काउन लगाउँदा अटेर गरे भत्काई सो कार्यमा लागेको खर्च सम्बन्धितबाट असुल उपर गरी विवरण सहित राजस्व शाखामा दाखिला गर्ने ।

ट. वडा कार्यालय, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने/ गराउने ।

ठ. नगरको सुरक्षा व्यवस्था कायम गर्ने, महानगरपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

ड. ईजाजत बिना पेशा व्यवसाय गरेको फेला परेमा उक्त पेशा व्यवसाय दर्ता/ नवीकरण गर्न लगाउने ।

ढ. महानगरपालिका क्षेत्रमा भित्ते लेखन, पोलव्यानर, क्रसव्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार-प्रसार सामग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतः प्रतिबन्ध लगाउने, अटेर गर्नेलाई आर्थिक ऐन बमोजिम जरिवाना सहित कारवाही गर्ने ।

ण. बिना ईजाजत ब्यानर, होडिङ्ग बोर्ड लगायतका अन्य विज्ञापन सामग्री राखेको पाईएमा ईजाजत लिन लगाउने, नमानेमा त्यस्ता सामग्री हटाई आर्थिक ऐन बमोजिम जरिवाना गर्ने ।

त. नापतौलका सामग्रीको चेकजाँच गर्ने, पसल व्यवसायमा मूल्यसूची राख्न लगाउने, अखाद्य र म्याद गुज्रेका सामानहरु चेक गर्ने, नष्ट गर्ने लगायतका

कार्यमा महानगरबाट बजार अनुगमनमा खटिएको टोलीलाई आवश्यक सहयोग गर्ने ।

थ. होटल, रेष्टुरेन्ट, गेष्टहाउस, मसाज, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने, मापदण्ड अनुरुप चलेको नपाईएमा कारबाहीका लागि प्रतिवेदन पेस गर्ने ।

द. महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस, जुवा लगायतका विकृतिजन्य क्रियाकलापमा रोक लगाउने ।

ध. महानगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्ता व्यापारीहरुको लगत राख्ने ।

न. अरुलाई बाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो अथवा ध्वनि उत्पादन गरी ध्वनि प्रदूषण गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

प. शहरमा ध्वनि, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने । यस कार्यविधि र महानगरपालिकाको निर्देशनको बर्खिलाप गरी कसैले ध्वनि प्रदूषण गरेमा प्रथम पटक सचेत गराउने। नमानेमा सामग्री जफत गरी आर्थिक ऐन बमोजिम जरिवाना गर्ने । उल्लङ्घन गरेमा पटकै पिच्छे दोब्बर जरिवाना गर्ने ।

फ. महानगरपालिका क्षेत्रभित्रका निजी सुरक्षागार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र अनुगमन गर्ने ।

ब. महानगरपालिकाबाट सञ्चालन भएको दमकल (Fire Brigade) सेवालाई चौबीसै घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त प्रतिकार्यका लागि सहयोग गर्ने।

भ. विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

म. महानगरपालिका मातहतका महाशाखा, शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने/गराउने ।

य. महानगरपालिका अन्तर्गतका महाशाखा, शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरी सोको विवरण तोकिएको समयभित्र उपलब्ध गराउने ।

र. अनधिकृत क्षेत्रमा पार्किङ्ग गर्न नदिने, गरेमा ट्राफिक प्रहरी समेतको सहयोगमा व्यवस्थापन गरी आर्थिक ऐन बमोजिम जरिवाना समेत गराउने ।

साधन (मोटर साईकल, साईकल, ठेला आदी) उठाई पुर्‍याउनुपर्ने अवस्था भएमा महानगरपालिकामा पुर्‍याउने र सो वापत आर्थिक ऐन बमोजिम जरिवाना समेत गराई साधन बुझाईदिने। उठाई पुर्‍याउन नसकिने ठूला साधनका हकमा व्हील लक गरी राख्ने र आर्थिक ऐन बमोजिम जरिवाना गर्ने। कार्यालय परिसरमा सवारी पार्किङ्ग व्यवस्थापन गर्ने ।

ल. सडक तथा सडकको क्षेत्राधिकारभित्र वा कुनै सार्वजनिक स्थानमा निर्माण सामग्री राखी त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्नेलाई तत्काल सामग्री हटाउन लगाई आर्थिक ऐन बमोजिम जरिवाना समेत गर्ने । हटाउन अटेर गरी आलटाल गरेमा हटाउने र सो कार्य गर्दा लागेको खर्च र जरिवाना समेत असुल उपर गर्ने ।

व. स्थानीय बजार व्यवस्थापन गर्ने/गराउने, सडक तथा सडक पेटी एवं सडकको क्षेत्राधिकारभित्र कुनै पसल व्यवसाय सञ्चालन गर्न नदिने । हटाउन लगाउँदा समेत अटेर गरेमा त्यस्ता सामग्री उठाई नियन्त्रणमा राखी सो को विवरण नगर प्रहरी व्यवस्थापन शाखामा बुझाउने। सम्बन्धित व्यक्तिले तीन दिनभित्र आफ्नो सामग्री लिन आएमा आर्थिक ऐन बमोजिम जरिवाना गरी सामग्री फिर्ता गर्ने। तीन दिन पूरा भएपछि पनि सम्पर्क राख्न नआएमा तीन दिनको सूचना सूचनापाटी र वेबसाईटमा राखी प्रचलित कानूनबमोजिम लिलाम बिक्री गरी प्राप्त आम्दानी महानगरपालिकाको खातामा जम्मा गर्ने। सडी, कुही जाने सामग्रीलाई तत्काल उचित स्थानमा गाड्ने वा लिलाम गर्ने/गराउने कार्यमा सहयोग गर्ने ।

श. कारबाहीका सिलसिलामा कसैलाई हिरासतमा राख्नुपर्ने भएमा नगर प्रहरी व्यवस्थापन शाखाबाट प्रक्रिया पुर्‍याई प्रहरी कार्यालयमा बुझाउने वा तारेखमा राख्नुपर्ने भएमा ब्यहोरा खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने ।

ष. कार्यालयको आवश्यकताबमोजिम सम्बन्धित अधिकारीबाट लाए अह्राएको कार्य गर्ने ।

**१६. गुनासो/उजुरी तथा पुनरावेदन सम्बन्धी व्यवस्थाः**

दफा १५ मा उल्लिखित काम कारबाही उपर चित्त नबुझी गुनासो/उजुरी गर्नु परेमा सम्बन्धित पक्षले नगर प्रहरी निरीक्षक र मातहतका नगर प्रहरी कर्मचारीको हकमा

नगर प्रहरी प्रमुख समक्ष र नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत समक्ष ३(तीन) दिनभित्र निवेदन दिनुपर्नेछ। उक्त गुनासो/उजुरी सम्बन्धमा सात दिन भित्र निर्णय दिनुपर्नेछ। गुनासो/उजुरीको सुनुवाइ तथा निर्णय उपर चित्त नबुझेमा 7(सात) दिन भित्र नगर प्रमुख समक्ष पुनरावेदन गर्नुपर्नेछ र नगर प्रमुखले १५(पन्ध्र) दिनभित्र निर्णय दिनुपर्नेछ।

## परिच्छेद ५
## नगर प्रहरीको परिचालन सम्बन्धी व्यवस्था

१७. **नगर प्रहरीको जवाफदेहिता र उत्तरदायित्वः** नगर प्रहरी नगर कार्यपालिकाको मातहत रहनेछ। नगर प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

१८. **कारवाही गर्दा परामर्श लिनेः** कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई कारवाही गर्दा नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकिय अधिकृतको र अन्य नगर प्रहरीको हकमा नगर प्रहरी प्रमुखको परामर्श लिनु पर्नेछ।

## परिच्छेद ६
## बिदा

१९. **भरतपुर महानगरपालिकामा कार्यरत नगर प्रहरी कर्मचारीले निम्न अनुसार बिदा पाउने छः**

१. **भैपरी बिदाः**

क. नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी बिदा पाउनेछ।

ख. भैपरी बिदा साधारणतः एकपटकमा १ दिनमा नबढाई लिन पाइनेछ।

ग. भैपरी बिदा सञ्चित हुने छैन।

घ. भैपरी बिदा शनिवार बाहेक अरु बिदाहरुसँग मिलाई लिन पाइने छैन।

२. **प्रसूति बिदाः**

क. महिला नगर प्रहरी कर्मचारीलाई सुत्केरी हुनु अघि र पछि गरी ९८(अन्ठानब्वे) दिन प्रसूति बिदा दिइनेछ। त्यस्तो बिदा निरन्तर

करार सेवा अवधिमा बढीमा २(दुई) पटक पाउनेछ।

ख. प्रसूति बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ।

ग. प्रसूति बिदाको अभिलेख प्रशासन तथा जनशक्ति विकास शाखाले अद्यावधिक बनाई राख्नुपर्नेछ।

**३. प्रसूति स्याहार बिदाः**

क. पुरुष नगर प्रहरी कर्मचारीलाई १५(पन्ध्र) दिन प्रसूति स्याहार बिदा दिइनेछ।

ख. त्यस्तो बिदा निरन्तर करार सेवा अवधिमा बढीमा २ पटक पाउनेछ।

ग. प्रसूति स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब पाउनेछ।

घ. प्रसूति स्याहार बिदामा लिएको कर्मचारीले बिदा लिएको मितिले तीन महिनाभित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र कार्यरत कार्यालयमा पेस गर्नु पर्नेछ।

ङ. प्रसूति बिदाको अभिलेख प्रशासन तथा जनशक्ति विकास शाखाले अद्यावधिक बनाई राख्नुपर्नेछ।

**४. मृत्यु संस्कार बिदाः**

क. कुनै नगर प्रहरी कर्मचारीले कुल धर्मअनुसार आफैँ किरिया बस्नु परेमा वा त्यस्तो कर्मचारीको बाबुआमा, बाजेबज्यै, छोराछोरी वा सासूससुराको मृत्यु भएमा वा पुरुष कर्मचारीको हकमा निजको पत्नीको मृत्यु भएमा पन्ध्र दिन मृत्यु संस्कार बिदा पाउनेछ। महिला कर्मचारीको पतिले किरिया बस्नु परेमा निजलाई पनि त्यति नै दिन मृत्यु संस्कार बिदा दिइनेछ।

ख. मृत्यु संस्कार बिदा लिने कर्मचारीले बिदापछि कार्यालयमा हाजिर भएको पन्ध्र दिनभित्र मृत व्यक्तिको मृत्यु दर्ताको प्रमाणपत्र तथा मृत व्यक्तिसंगको नाता प्रमाणित पेस गर्नुपर्नेछ।

**२०. नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य नगर प्रहरी कर्मचारीले नगर प्रहरी प्रमुखबाट स्वीकृत गराई बिदा लिन सक्नेछ।**

**२१. बिदा नलिई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन। बिना कुनै जानकारी बिदा बसी कार्यालयको कार्यमा बाधा उत्पन्न भएमा कार्यालयले निजसँगको सम्झौता तोड्न सक्नेछ।**

## परिच्छेद ७
## आचरण

२२. **दान उपहार लिन नहुनेः** आफनो सरकारी काममा कुनै पनि प्रकारका असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजका परिवारका सदस्य समेतले महानगरपालिकाको पूर्व स्वीकृति बिना स्वदेशी तथा विदेशी संघ संस्था, निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारका दान, बकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।

२३. **चन्दा लिन नहुनेः** कुनै नगर प्रहरीले महानगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने कार्यमा समेत भाग लिनु हुँदैन।

२४. **व्यापार व्यवसाय गर्न नहुनेः** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति बिना देहायका कार्य गर्नु हुँदैनः
- क. कुनै व्यापार गर्न
- ख. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र
- ग. कुनै व्यवसाय चलाउन।

२५. **प्रकाशन तथा प्रसारण गर्न नहुनेः**
नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्यको पालना गर्दा महानगरपालिका वा गैरसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैंले लेखेको वा सङ्कलन गरेको सूचना, वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख स्वीकृति बिना प्रकाशन तथा प्रसारण गर्नु हुँदैन।

२६. **महानगरपालिकाको आलोचना गर्न नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा महानगरपालिकाको नीति विपरित हुने गरी वा महानगरपालिका र नगरबासीमा नकारात्मक असर पर्ने गरी भाषण, सम्वाद, लेख, रचना आदि मार्फत आलोचना गर्नु हुँदैन।

२७. **निर्वाचनमा भाग लिन नहुनेः** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले

प्रभाव पार्न हुदैन ।तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानूनबमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

२८. **राजनीतिमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै राजनीतिक दल र सो सँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनीतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभावमा पार्न सहयोग गर्नु हुँदैन ।

२९. **समय पालना र नियमितता:** नगर प्रहरी कर्मचारीले तोकिएको समयमा तथा नियमित रुपमा हाजिर हुनु पर्दछ र साधारणतया पहिले बिदा स्वीकृत नगराई अनुपस्थित हुनु हुँदैन ।

३०. **अनुशासन र आज्ञापालन:**

क. नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालना गर्नु पर्दछ ।

ख. नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएका आज्ञालाई तदारुकतासाथ पालना गर्नु पर्दछ ।

ग. नगर प्रहरी कर्मचारीले सबै जनप्रतिनिधिहरु र आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनु पर्नेछ साथै आफू भन्दा मुनिका कर्मचारीहरुसंग उचित व्यवहार गर्नु पर्नेछ ।

३१. **नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न** नहुनेः नगर प्रहरी कर्मचारीले आफनो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

## परिच्छेद ८
## सजाय

३२. **सजाय:** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः

१. चेतावनी दिने,

२. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने ।

**३३.** चेतावनी दिने, नसिहत दिनेः देहायको कुनै अवस्थामा नगर प्रहरी कर्मचारीलाई चेतावनी दिने, नसिहत दिने सजाय गर्न सकिनेछ।

क. सन्तोषजनक काम नगरेमा,

ख. अनुशासनहीन कार्य गरेमा,

ग. आचरण सम्बन्धी व्यवस्था उल्लङ्घन गरेमा,

घ. दिएका आदेश/निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ. मनासिव कारण वेगर वा बिदा नलिई बिदा बसेकोमा वा गैर हाजिर भएमा,

च. तोकिएको जिम्मेवारीमा लापरवाही गरेमा।

**३४. नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः** देहायको कुनै अवस्थामा नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सकिनेछ।

क. नगर प्रहरी कर्मचारीले करार सेवामा उल्लेखित दायित्व पूरा गर्न नसकेमा,

ख. राजनीतिमा भाग लिएमा,

ग. पटक पटक अनुशासनहीन कार्य गरेमा,

घ. नैतिक पतन देखिने फौजदारी अभियोगको कार्य गरेमा,

ङ. ड्युटीमा रहेको वा नरहेको अवस्थामा वर्दी लगाई कुनै मादक पदार्थ सेवन गरी हिँडेमा वा जथाभावी गरेमा,

च. कार्यालय वा अधिकार प्राप्त अधिकारीको निर्देशन पालना नगरेमा वा उल्लङ्घन गरेमा वा भ्रष्टाचार जन्य कार्य गरेमा,

छ. आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा,

च. आचरण सम्बन्धी नियमहरु बराबर उल्लङ्घन गरेमा,

झ. मनासिव कारण नभई वा पूर्व स्वीकृति नलिई बिदा बसेमा।

**३५.** कार्यसम्पादनको क्रममा लापरवाही गरी महानगरपालिकालाई हानी नोक्सानी भएमा सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी वा अपुग भएमा घर घरानाबाट समेत असुल उपर गरिनेछ।

**३६. सजाय गर्ने अधिकारीः** नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

## परिच्छेद ९
## विविध

**३७. नगर प्रहरीको पोशाकः** नगर प्रहरी कर्मचारीको पोशाकको रङ्ग, किसिम अनुसूची २ बमोजिम हुनेछ।

**३८. यस कार्यविधिमा उल्लेखित कुरा यसै बमोजिम र अन्य कुराको प्रचलित कानुन बमोजिम हुनेछ।**



**३९. खारेजी तथा बचाउः**

(१) भरतपुर महानगरपालिकमा करारमा नगर प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि बमोजिम भए गरेको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची- १

(दफा ५ सँग सम्बन्धित पद, तह र दर्ज्यानी चिन्हको विवरण)

| क्र. सं. | पद | तह | दर्ज्यानी चिन्ह | संकेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रहरी नायव उपरीक्षक | रा.प.द्वितीय | खुकुरी दण्ड क्रस र एक तारा |  | |
| २ | नगर प्रहरी निरीक्षक | रा.प.तृतीय | खुकुरी दण्ड क्रस |  | |
| ३ | नगर प्रहरी नायब निरीक्षक | रा.प.अनं.प्रथम | दुइवटा तारा |  | |
| ४ | नगर प्रहरी सहायक निरीक्षक | रा.प.अनं. द्वितीय | एक तारा |  | |
| ५ | हवल्दार | रा.प.अनं. तृतीय | तीन धर्सा(विल्ला) |  | |
| 6 | नगर प्रहरी जवान | रा.प.अनं. चतुर्थ | (रिवन-किनारामा चुस्ता र बीचमा रातो रंग) |  | |

## अनुसूची- २

(दफा ३७ सँग सम्बन्धित पोशाकको विवरण)

प्रति नगर प्रहरी कर्मचारीको लागि

पोशाकको रंगः गाढा हरियो

छालाको जुत्ताको रंगः कालो

१ नं. पोशाक (कटन, उलन) २ नं. पोशाक (चुस्ता)

| क्र.सं. | सामग्रीको विवरण | अवधि/परिमाण |
|---|---|---|
| १ | सर्ट पाइन्ट कटन | वर्षमा १ पटक |
| २ | सर्ट पाइन्ट उलन | २ वर्षमा १ पटक |
| ३ | छालाको कालो पेटी | ३ वर्षमा १ पटक |
| ४ | ब्यारेट क्याप र हेड ब्याज | २ वर्षमा १ पटक |
| ५ | छालाको बुट | २ वर्षमा १ पटक |
| ६ | चेष्ट प्लेट | वर्षमा १ पटक |
| ७ | चेष्ट प्लेट(पित्तल) | ३ वर्षमा १ पटक |
| ८ | कुम ब्याज | २ वर्षमा १ पटक |
| ९ | आर्म ब्याज | २ वर्षमा १ पटक |
| १० | कम्बल | ३ वर्षमा २ थान |
| ११ | ज्याकेट | ३ वर्षमा १ थान |
| १२ | मोजा | ६ महिनामा १ जोर |
| १३ | उनीको जर्सी | ३ वर्षमा १ थान |
| १४ | तन्ना, दरी | १ वर्षमा १ थान |
| १५ | गेम ड्रेस(ट्र्याक सुट) | १ वर्षमा १ थान |
| १६ | बर्सादी | २ वर्षमा १ थान |
| १७ | पानी बुट | २ वर्षमा १ जोर |
| १८ | गेम कट्टु | १ वर्षमा १ थान |
| १९ | सिटी एवम सिटी कर्ड | १ वर्षमा १ सेट |
| २० | चुस्ता टोपी | १ वर्षमा १ थान |
| २१ | बेल्ट(कपडाको) | २ वर्षमा १ थान |
| २२ | पिटि जुत्ता | १ वर्षमा १ जोर |

# अनुसूची - ३

(दफा १२ को उपदफा १ सँग सम्बन्धित सूचनाको ढाँचा)

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

नगर प्रहरी सेवा करारमा लिने सम्बन्धी सूचना

भरतपुर महानगरपालिका अन्तर्गत रहने गरी देहायको पद, संख्या र योग्यता भएका नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम, दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयबाट वा महानगरपालिकाको वेभसाईट www.bharatpurmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

| क्र.सं. | विज्ञापन नं | पद | किसिम | पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | खुला | | |
| २ | | | महिला | | |
| ३ | | | दलित | | |
| ४ | | | आ.ज. | | |
| ५ | | | थारु | | |
| ६ | | | मधेशी | | |

**१. योग्यताः**

**क. नगर प्रहरी नायव उपरीक्षकका लागिः**

१. नेपाली नागरिक।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

३. उमेर ४० बर्ष पुरा भई ५० बर्ष ननाघेको।

४. नेपाल प्रहरीको प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब उपरीक्षक पद वा सो भन्दा माथि, नेपाली सेनाको सेनानी वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको वा नेपाल प्रहरीको प्रहरी निरीक्षक पदमा १० वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको।

५. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको
६. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।
७. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र।
८. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

**ख. नगर प्रहरी निरीक्षक पदका लागिः**

१. नेपाली नागरिक।
२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
३. उमेर २५ वर्ष पुरा भई ४५ बर्ष ननाघेको ।
४. नेपाल प्रहरीको प्रहरी निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको उपसेनानी वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको ।
५. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको
६. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।
७. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।
८. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

**ग. नगर प्रहरी नायब निरीक्षकका लागिः**

१. नेपाली नागरिक ।
२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।
३. उमेर ३० वर्ष पुरा भई ४५ बर्ष ननाघेको
४. नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी नायब निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको सुवेदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको ।
५. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

६. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

७. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।

८. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको

## घ. नगर प्रहरी सहायक निरीक्षकका लागिः

१. नेपाली नागरिक ।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

३. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी सहायक निरीक्षक वा सो भन्दा माथि, नेपाली सेनाको जमदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

६. सम्बन्धित प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।

७. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

## ङ. नगर प्रहरी हवल्दारको लागि

१. नेपाली नागरिक ।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE तह वा सो सरह उत्तीर्ण गरेको ।

३. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको हवल्दार/जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।
५. मान्यता प्राप्त शैक्षिक संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।
६. सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र।
७. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

**च. नगर प्रहरी जवानको लागिः**

१. नेपाली नागरिक ।
२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट SEE तह वा सो सरह उत्तीर्ण गरेको ।
३. उमेर १८ बर्ष पुरा भई २५ बर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको जवान पद वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।
४. कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।
५. मान्यता प्राप्त शैक्षिक संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।
६. सम्बन्धित ईलाका प्रहरी कार्यालयबाट जारी भएको चारित्रिक प्रमाणपत्र ।
७. पुरूषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती: ३१-३३ इन्च, तौल: ५२ के.जी. र महिलाको हकमा उचाई: ५ फिट, तौल: ५० के.जी., आँखा: माईनस २ वा प्लस २ भन्दा बढि कमजोर नभएको ।

२. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ । पूर्व नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीले सम्बन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त फारामसंगै पेस गर्नु पर्नेछ ।
३. परिक्षाको किसिमः शारीरिक तथा स्वास्थ्य परीक्षण र अन्तरवार्ता ।
४. परीक्षा केन्द्रः महानगरपालिकाले तोके बमोजिम हुने ।
५. दरखास्त दस्तुरः पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुने ।

अनुसूची - ४

(दफा १२ को उपदफा २ सँग सम्बन्धित)

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

नगर प्रहरी करार सेवाका लागि दरखास्त फारम

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो |

दरखास्त दिनेको नामः

बिज्ञापन नम्बरः

फाराम पेस गर्ने कार्यालयः

व्यक्तिगत विवरणः

<table>
<tr><td rowspan="2">व्यक्तिगत विवरणः</td><td rowspan="2">नाम थर</td><td colspan="4">(देवनागरीमा)<br>................................</td></tr>
<tr><td colspan="3">(अग्रेजी ठूलो अक्षरमा)......</td><td>लिङ्गः</td></tr>
<tr><td></td><td colspan="2">नागरिकता नम्बर.......</td><td>जारी गर्ने जिल्ला...</td><td colspan="2">जारी मिति........</td></tr>
<tr><td>स्थायी ठेगाना</td><td colspan="2">जिल्ला.............<br>टोल.........</td><td>(ख) न.पा.<br>(ड) मार्ग / घर नं.</td><td colspan="2">वडा नं.<br>(च) फोन नं. /<br>मोबाइल नं.</td></tr>
<tr><td colspan="4">पत्राचार गर्ने ठेगानाः</td><td colspan="2">ईमेलः</td></tr>
<tr><td>बाबुको नाम, थरः</td><td></td><td></td><td colspan="3">जन्म मितिः<br>(वि.सं.मा):</td></tr>
<tr><td></td><td colspan="3">ई.सं.माः</td><td colspan="2"></td></tr>
<tr><td colspan="3">बाजेको नाम, थरः</td><td colspan="3">हालको उमेरः वर्षः महिनाः</td></tr>
</table>

शैक्षिक योग्यता/ तालिमः

दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्नेः

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/ बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/ तालिम | संकाय | श्रेणी/ तह | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |

अनुभव सम्बन्धी व्यवस्थाः

| कार्यालय | पद | सेवा/समुह/ उपसमुह | श्रेणी/तह | स्थायी/ अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

आवेदकले यस दरखास्तमा बुझाएको सम्पूर्ण विवरणहरु सत्य साँचो छ। दरखास्त बुझाएको पदको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। यस दरखास्तमा पेस गरेको विवरण झूठा साबित भए कानून बमोजिम सहुँला/बुझाउँला। उम्मेदवारको हैसियतले पालना गर्नुपर्ने भनी प्रचलित कानून तथा आवेदनमा उल्लिखित सबै नियम तथा शर्तहरुको पालना गर्न मञ्जुर छु। साथै सम्झौतामा उल्लेख सबै शर्तहरुको पालना गर्नेछु र सम्झौताको समय भन्दा अगावै करारको अन्त्य गर्नुपर्दा कम्तीमा तीन महिनाको पूर्वसूचना दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको नामः</td><td rowspan="2">उम्मेद्वारको दस्तखत र मितिः</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td colspan="3">कार्यालयले भर्ने :</td></tr>
<tr><td>रसिद/भौचर नं.</td><td></td><td>रोल नं.</td></tr>
<tr><td colspan="3">दरखास्त अस्वीकृत भए सो को कारण:</td></tr>
<tr><td colspan="3">दरखास्त रुजु गर्ने अधिकारीको नाम र दस्तखत:</td></tr>
</table>

अनुसूची -५

(दफा १३ संग सम्बन्धित करार सम्झौताको ढाँचा)

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**करार सम्झौता**

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय (यसपछि यस सम्झौतामा प्रथम पक्ष भनि सम्बोधन गरिएको) र ……………………………….महानगरपालिका/ उप-महानगरपालिका/नगरपालिका, वडा नं ..............बस्ने श्री................................ ...................................(यसपछि यस सम्झौतामा दोश्रो पक्ष भनि सम्बोधन गरिएको) का बीच भरतपुर महानगरपालिकाको नगर प्रहरी कर्मचारीको रुपमा कामकाज गर्न/गराउन मिति…………………........... को निर्णय अनुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मञ्जुर भएकाले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौँ/दियौँ:

(१) कामकाज सम्बन्धमा: दोस्रो पक्षले आफूलाई तोकिएको जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोक्िेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप कार्य समेत गर्नु पर्नेछ ।

(२) काम गर्नुपर्ने स्थानः भरतपुर महाननगरपालिकाको भौगोलिक क्षेत्रभित्र।

(३) करारमा काम गरे बापत पाउने पारिश्रमिक तथा सेवा सुविधा प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ……………….. (अक्षरेपी ………………………….....................) पारिश्रमिक उपलब्ध गराउनेछ । सेवा सुविधाको हकमा भने नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) आचरणको पालना: दोश्रो पक्षले भरतपुर महानगरपालिकाको प्रचलित कानूनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

(५) बिदा: सेवा करारमा नियुक्त नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन । कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आवश्यकताका आधारमा बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य बिदाको

हकमा भने भरतपुर महानगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८० मा व्यवस्था भएबमोजिम हुनेछ।

(६) कार्यालय सम्पत्तिको सुरक्षा: दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको विगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

(७) गोपनियता: दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा संस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारवाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखी कानूनबमोजिम कारवाही गरिनेछ।

(८) करार अवधि: यो करार मिति……… देखि लागू भई मिति…………..... सम्मको लागि हुनेछ।

(९) कार्यसम्पादन मूल्यांकन: पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार अवधि थप हुन सक्नेछ।

(११) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य: दोश्रो पक्षले पहिलो पक्षबाट बिदा स्वीकृत नगराई लगातार अनुपस्थित रहेमा सो अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ।

(१२) दावी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेको आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन।

(१३) प्रचलित कानून लागू हुनेः यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| भरतपुर महानगरपालिकाको तर्फबाटः | दोस्रो पक्ष(करार गर्ने व्यक्ति) |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| कार्यालयको छापः | |

अनुसूची - ६
(दफा १३ सँग सम्बन्धित)
भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

च.नं. मितिः
प.सं.

श्री ......................................,
ठेगाना .........................

विषयः **करार सम्बन्धमा ।**

तपाईलाई मिति ………………........को निर्णयानुसार........................... (पदको नाम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति ……………… देखि …………………… सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफ्नो काम इमान्दारीपूर्वक र व्यावसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस महानगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

............................................
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः**
श्री आर्थिक प्रशासन महाशाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।
श्री प्रशासन शाखाः अभिलेख तथा हाजिरीको व्यवस्था हुन ।

---

आज्ञाले
**नरेन्द्र कुमार राना**
प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या ११, मितिः २०८०।०७।१९

## भाग–२

## नगर प्रहरी सेवा संचालन कार्यबिधि २०८० (प्रथम संशोधन २०८०)

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती, नेपाल

# नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८० (प्रथम संशोधन २०८०)

पारित मितिः २०८०/०७/१९

**प्रस्तावनाः**

भरतपुर महानगरपालिका नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८० लाई आवश्यकता अनुसार संशोधन गर्नुपर्ने भएकोले,

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यस कार्यविधिको नाम नगर प्रहरी सेवा सञ्चालन कार्यविधि, २०८० (प्रथम संशोधन २०८०) रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल कार्यविधको दफा ६ उपदफा १(ग) मा संशोधन:

दफा ६उपदफा १ (ग) मा उमेर ४० वर्ष पुरा भई ५० वर्ष ननाघेको भनी उल्लेख भएकोमा सो को सट्टामा उमेर ४० वर्ष पुरा भई ५५ वर्ष ननाघेको भनी संशोधन गरिएको।

३. मूल कार्यविधिको दफा १२ उपदफा ३ मा संशोधन।

दफा १२ उपदफा ३ मा नगर प्रहरी कर्मचारीका लागि आवेदन दिने उम्मेदवारहरुको शारीरिक तथा स्वास्थ्य परिक्षण नेपाल प्रहरीको प्रचलित मापदण्ड अनुसार हुनेछ। भनी उल्लेख भएकोमा सो पश्चात तर नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाली सेनाबाट अवकास प्राप्तको हकमा पदपुर्ति समितिले तोकेबमोजिम हुनेछ भन्ने व्यहोरा उल्लेख गरी संशोधन गरिएको।

आज्ञाले
**नरेन्द्र कुमार राना**
प्रमुख प्रशासकीय अधिकृत